२. भ्रमण प्रतिवेदन सम्बन्धमा ।

निर्णयहरु :

१. जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरामा कार्यरत जि.स.अ. श्री पशुपति महत विगत २७ महिना कार्यरत रहि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौको च.नं ११२३ मिति २०७९।११।०२ गतेको पत्रानुसार वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत सरुवा भई यस कार्यालयको च.नं. ७१ मिति २०७९।१२।०१ गते देखि लागु हुने गरि रमाना पत्र लिई गई सक्नु भएको छ । सो पश्चात उक्त पद रिक्त रहिरहेकोले कार्यालयको आर्थिक तथा प्रशासनिक कार्यमा समस्या परिरहेको हुँदा यस कार्यालयमा रिक्त रहेको उक्त जि.स.अ.पद पदपुर्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौ लाई अनुरोध गर्ने निर्णय गरियो ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौको च.नं २७७ मिति २०८०।१।१९ गतेको प्राप्त वेरुजु फछर्यौट कार्यलाई उच्च प्राथमिकता दिने पत्रका सम्वन्धमा छलफल गरियो ।

३. अजयमेरु गाउँपालिकाको **च.नं. २८९५ मिति** २०८०।०१।२६ गतेको प्राप्त पत्रानुसार यस अजयमेरु गाउँपालिकामा वेलावेला विद्युत कटौती भई कार्यालयको कार्य सम्पादन गर्न असहज भएको हुनाले वैकल्पिक व्यवस्थाको लागि तहाँ कार्यालयमा रहेको जेनेरेटर उपलब्ध गरिदिने सम्वन्धमा हाल यस कार्यालयमा रहेको पुरानो ठुलो जेनेटर मर्मत पश्चात प्रयोगमा आउने तथा यस कार्यालयमा मर्मत गर्न वजेटको समेत अभाव रहेको,मर्मत गरि प्रयोगमा नल्याएमा अझ विग्रि प्रयोगमा समेत ल्याउन नमिल्ने अवस्था रहेकोले उक्त जेनेरेटर अजयमेरु गा.पा.लाई उपलब्ध गराउने भनि जि.स.स.वोर्डको मिति २०७८।०१।०७ र मिति २०७९ साल असोज ०५ गत गते निर्णय भएको थियो । उक्त सम्वन्धमा संघीय मामिला तथा समान्य प्रशाान मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) सिंहदरवार, काठमाण्डौ को च.नं.८४ मिति २०७८।०४।२६ गतेको प्राप्त सहमती पत्र अनुसार यस कार्यालयको Model NO.CEL 5000 (5 KVA) को उक्त जेनेरेटर माग वमोजिम अजयमेरु गा.पा.लाई हस्तान्तरण गर्न जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४.यस जि.स.स.डडेल्धुराका जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारीज्यु नेपाल दुरसञ्चार प्राधिकरण को च.नं.५०१६ मिति २०८०।०१।०५ गतेको प्राप्त पत्रानुसार मिति २०८०।०१।१५ गते कैलालीमा सञ्चालन भएको उक्त कार्यक्रममा सहभागिता भई पुगि आउनु भएको प्रतिवेदनका विषयमा छलफल गरियो । उक्त सम्वन्धमा प्राप्त प्रतिवेदनको आधारमा भुक्तानी उपलब्ध गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।